# चन्द्रागिरि नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

फोन नं. ०१-४३१५७६६


प.सं.: २०७८/०७९

च.नं. ३०१

मिति २०७९/०२/२३

**विषयः- कार्य सम्पादन मूल्याङ्कन फाराम भर्ने, दर्ता गर्ने सम्बन्धमा ।**

श्री सबै सामुदायिक विद्यालयहरु

चन्द्रागिरि नगरपालिका, काठमाडौं ।

प्रस्तुत विषयमा यस चन्द्रागिरि नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुमा कार्यरत स्थायी शिक्षकहरुले शैक्षिक सत्र २०७८ को कार्य सम्पादन मूल्याङ्कन फाराम भर्ने, दर्ता गर्ने सम्बन्धमा शिक्षक सेवा आयोग सानोठिमी, भक्तपुरको मिति २०७९।०१।०८ को पत्रबाट जानकारी प्राप्त गर्नुभएकै छ। सो सम्बन्धमा सामुदायिक विद्यालयमा कार्यरत स्थायी शिक्षकहरुको शैक्षिक सत्र २०७८ को कार्य सम्पादन मूल्याङ्कन फाराम भर्ने, दर्ता गर्ने गराउने कार्य मिति २०७९ साल जेठ ३० गतेसम्म गर्ने गराउने र शिक्षकहरुको शैक्षिक सत्र २०७८ को कार्यसम्पादन मूल्याङ्कन फाराम शिक्षक सेवा आयोग (एघारौं संशोधन) नियमावली, २०५७ बमोजिम हुने र कार्यसम्पादन मूल्याङ्कन सम्बन्धमा समेत सोही नियमावली बमोजिम हुने व्यहोरा सम्बन्धित प्रधानाध्यापक तथा शिक्षकहरुमा थप जानकारीको लागि अनुरोध छ। साथै शिक्षक सेवा आयोगको च.नं.१०३२ मिति २०७९।०२।१० को पत्र समेत अध्ययन गरी सूचना प्राप्त गर्नुभएकै छ। सो सम्बन्धमा शैक्षिक सत्र २०७८ को स्थायी शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कन फाराममा मूल्याङ्कन अवधि उल्लेख गर्दा द्विविधा भएकोले उक्त विषयमा शैक्षिक सत्र २०७८ को हकमा शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ३२ संग सम्बन्धित शिक्षकको कार्य सम्पदान मूल्याङ्कन फाराम को मूल्याङ्कन अवधि .......... देखि ........सम्म भनिएको स्थानमा शैक्षिक सत्र २०७८ को कार्य सम्पदान मूल्याङ्कन भनि उल्लेख गर्न स्पष्ट पारिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन सम्बन्धित प्रधानाध्यापक तथा शिक्षकहरुमा अनुरोध गरिन्छ।

कर्ण बहादुर भुवाजी
अधिकृत दशौं